म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष :१७ अङ्क :- १२४ २०८२ चैत १३ गते शुक्रबार 27 March 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

**पिनासका लक्षणहरू**

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- बिहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नकबाट बाक्लो, पहेँलो सिँगान बग्नु,
- थ्कान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकीबा जाँच गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूले शपथ लिए

# बालेन रास्वपा संसदीय दलको नेता सर्वसम्मत चयन



*प्रतिनिधिसभा सदस्य निर्वाचित भएकाहरु सपथ ग्रहण गर्दै।*

समाज संवाददाता

हेटौंडा : गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट नवनिर्वाचित सांसदहरुले शपथ ग्रहण गरेका छन्। सिंहदरबारस्थित संसद्को अस्थायी भवनमा आयोजित सभामा बिहीबार उनीहरुले शपथ लिएका हुन्। प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। संसद् सचिवालयका अनुसार ६३ जना सांसदले नेपाली बाहेकको मातृभाषामा शपथ लिएका छन्। सांसदहरु आ-आफ्नै भेषभूषामा शपथ लिएका छन्।

नेपालको संविधानको धारा ९९ र ९१ को उपधारा ५ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम पद तथा गोपनीयताको शपथ लिने व्यवस्था छ। पछिल्लो निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १८२, नेपाली कांग्रेसले ३८, नेकपा (एमाले)ले २५, नेपाली कम्युनिस्ट पार्टीले १७, श्रम संस्कृति पार्टीले सात र राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच सिट प्राप्त गरेका छन्। स्वतन्त्र सांसदको रुपमा महावीर पुन निर्वाचित भएका छन्।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई प्रतिनिधिसभा संसदीय दलकोल नेता बनाउने निर्णय गरेको छ। बिहिबार बसेको केन्द्रीय समिति बैठकले गरेको निर्णयअनुसार संसदीय दलको बैठकले उनलाई दलको नेता चयन गरेको हो। केन्द्रीय समिति बैठकमा बालेनलाई दलको नेता चयन गर्ने प्रस्ताव सभापति रवि लामिछानेले गरेका थिए। उक्त प्रस्तावमाथि सर्वसम्मत निर्णय भएको प्रवक्ता मनिष झाले जानकारी दिए। रास्वपा बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावमा होमिएको थियो। बालेन झापा ५ बाट निर्वाचित भएका हुन्। बालेनले आज शुक्रबार प्रधानमन्त्रीको रुपमा सपथ ग्रहण गर्ने बताइएको छ।

# मकवानपुरमा सडक दुर्घटनामा परी ८ महिनामा ४६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरमा चालु आर्थिक वर्षको ८ महिनामा सडक दुर्घटनाबाट ४६ जनाले ज्यान गुमाएका छन्। साउन यता फागुन महिनासम्मको ८ महिनाको अवधिमा मकवानपुरमा भएका २ स ६५ वटा दुर्घटनामा ४६ जनाले ज्यान गुमाएका हुन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार यस अवधिमा ३ सय ५४ वटा सवारी साधनहरु दुर्घटनामा परेका छन्। यि सवारी साधनमध्ये सबैभन्दा बढी मोटरसाइकल २ सय २४ वटा परेका छन्। यस्तै दुर्घटनामा कार तथा जिप ४७ वटा, ट्रक तथा ट्याङकर ४५ वटा दुर्घटनामा परेका थिए। तेस्रोमा अटो ३४ वटा दुर्घटनाग्रस्त भएका ट्राफिक कार्यालयले जनाएको छ। यस्तै दुर्घटनामा बस १७ वटा, ट्र्याक्टर १० वटा, टिप्पर ३ वटा, माइक्रोभ्यान २ वटा, स्काभेटर तथा लोडर एउटा, र साइकल तथा अन्य साधनहरु ८ वटा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

यि दुर्घटनामा ४६ जनाको मृत्यु हुनुका साथै ५७ जना गम्भीर घाइते तथा ४ सय ७७ जना सामान्य घाइते भई प्रभावित बनेका छन्। नेपालका प्रमुख राजमार्गहरुका साथै पूर्व-पश्चिम राजमार्ग भएको तथा काठमाडौं छिर्ने बाटोहरु धेरै रहेकाले



*फाईल तस्वीर*

यस जिल्लामा सवारी दुर्घटना अत्यधिक हुने गर्दछ। यस क्षेत्रमा मानवीय कारण, सडकको बिग्रिएको अवस्था, मौसम बिग्रँदा, प्राकृतिक प्रकोपको कारण, यान्त्रिक कारण, पशु-चौपाया तथा पैदलयात्रीले अनियन्त्रित हिसाबले बाटो काट्दा लगायतका कारणले सडक दुर्घटना हुँदै आएको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख बच्चुराम फुयाँलले जानकारी दिनुभयो।

पहिले-पहिले केही वर्ष सडकको अवस्थाको कारण केही दुर्घटना हुने भएपनि पछिल्लो समय मानवीय कारण र यान्त्रिक कारणले बढी दुर्घटना हुने गरेको पाइएको उहाँको भनाइ छ। पछिल्लो समय दुर्घटना भएपछिको सुरक्षाजाँचका क्रममा चालकहरु मादक पदार्थ सेवन तथा लागुपदार्थ सेवन गरेको पाइएको समेत उहाँले स्पष्ट पार्नुभयो। यस अवधिमा भएका १ सय १४ जनाको लागूऔषध जाँचका क्रममा १२ जना सवारी चालकहरुले लागूऔषध सेवन गरी सवारी साधन चलाइएको पाइएको थियो। यस्तै मादक पदार्थ सेवन गरी सवारी चलाउने ३ सय ४३ जनालाई कारबाही समेत गरिएको प्रहरीको भनाइ छ। यस्तै यान्त्रिक रुपमा अचानक आउने समस्याको कारण पनि दुर्घटना भएका घटना धेरै रहेको प्रहरीको भनाइ छ।

ट्राफिक प्रहरीले चालकसँग ५ मिनेट कार्यक्रम गरी सडकमै चालकहरुलाई सचेत गराउने गरेको उहाँले बताउनुभयो। यस्तै नयाँ सवारी चालकहरुलाई कक्षा सञ्चालन, विद्यार्थीहरु तथा व्यवसायीहरुलाई पनि सचेतना कार्यक्रम गर्ने गरिएको छ। साउनयता फागुनसम्म ६ सय ३९ पटक गरी ४६ हजार ४ सय जनालाई सचेतना कार्यक्रममा गरिएको समेत ट्राफिकको भनाइ छ। सडक दुर्घटना न्यनुकरणका लागि नियमित रुपमा ट्राफिक चेकजाँच गर्ने गरिएको फुँयालले दाबी गर्नुभयो। यस अवधिमा भएका ९ हजार ५ सय ७३ वटा ट्राफिक कारबाहीबाट ८७ लाख ५३ हजार रुपैयाँ राजश्व संकलन भएको पनि उहाँले जानकारी दिनुभयो। ट्राफिक प्रहरीले सचेतना, जाँच तथा कारबाही र जरिवाना समेत गर्दा दुर्घटनाको सँख्यामा कमी नआएकोले अबको क्रममा स्थानीय सरकार पनि गम्भीर भएर सचेतनामा लाग्नुपर्ने प्रहरीको सुझाव छ। स्थानीय तहले नै विद्यालयमा सडक दुर्घटनाको विषयमा विभिन्न सचेतनामुलक कार्यक्रम गर्नुपर्ने, बाटो काट्ने नियम सिकाउने, ट्राफिक नियम मान्न उत्प्रेरित गर्ने, बिग्रिएका सडक मर्मतमा सडक विभागले तदारुकता देखाउने गरेमा सवारी चालकले सवारी चलाउनुअघि सवारी साधनको यान्त्रिक स्थिति जाँच गरेर मात्र यात्रा गर्ने, हतार गरेर सवारी नचलाउने इत्यादिमा ध्यान दिएमा सवारी दुर्घटनामा कमी आउनसक्ने प्रहरी निरिक्षक फुयाँलले बताउनुभयो।

## ७ वर्षपछि प्रदेश प्रशासनिक भवनका लागि जग्गा प्राप्त

# यसै वर्ष ठेक्का आव्हान हुने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकार स्थापना भएको ७ वर्षपछि आफ्नै एकीकृत प्रशासनिक संरचना (मन्त्रालयका भवनहरु) निर्माणका लागि जग्गा प्राप्ती प्रक्रिया टुंगिएको छ। २०७६ सालदेखि जग्गा प्राप्तिको कानुनी प्रक्रियामा अल्झिएको सो योजनालाई गत चैतमा बसेको संघीय मन्त्रिपरिषद्को बैठकले टुंग्याएसँगै निर्माणको बाटो खुलेको हो।

२०७४ सालमा प्रदेश संरचना बनेयता बागमती प्रदेशले ५ जना मुख्यमन्त्री भइसकेका छन्। तर, आफ्नै व्यवस्थित भवन नहुँदा हालसम्म प्रदेशका मन्त्रालयहरु साँघुरा सरकारी भवन र भाडाका घरबाट सञ्चालन गर्नुपर्ने बाध्यता रहँदै आएको छ। विगतका सरकारहरुले बर्सेनी बजेट विनियोजन गरे पनि जग्गाको भोगाधिकार प्राप्त नहुँदा काम अघि बढ्न सकेको थिएन। हाल मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको नेतृत्वमा रहेको सरकारले संघीय वन तथा वातावरण मन्त्रालयमा अड्किएको फाइललाई मन्त्रिपरिषद्बाट स्वीकृत गराएको हो।

भवन निर्माणका लागि हेटौंडा-१६ र १७ मा प्रस्तावित ३१.०२ हेक्टर वन क्षेत्रको जग्गा प्राप्त भएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव इश्वरचन्द्र मरहट्ठाका अनुसार सो क्षेत्रमा रहेका विभिन्न प्रजातिका ५ हजार २२६ वटा रुख तथा पोलहरू हटाउन संघीय सरकारले स्वीकृति दिइसकेको छ। रुख कटानको केही प्रक्रिया र वन विभागसँग सम्झौतापछि फिल्डमा काम सुरु हुने उनले बताए। उनका अनुसार जग्गा प्राप्ति गर्दा सो क्षेत्रमा रहेका बोटबिरुवा र रुखहरुको संरक्षण तथा वृक्षरोपणका लागि आवश्यक पर्ने रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेकाले छिट्टै नै अरु प्रक्रिया सकिने छ। बागमती प्रदेश मन्त्रिपरिषद्को भदौमा बसेको बैठकले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार आवश्यक रकम 'वन कोष' मा जम्मा गर्ने निर्णयसहित सहमति गरिसकेको उनले बताए।

प्रदेश सरकारको तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्रालयले हाल भवन संरचना निर्माणका लागि डिजाइन पनि हेरिरहेको उनले बताए। सुरुमा १४ वटा मन्त्रालय अट्ने गरी 'सिंहदरबार मोडल' मा विस्तृत परियोजना प्रतिवेदन तयार पारिएको उनले बताए। तर, हालको आवश्यकता र प्रभावकारितालाई ध्यान दिँदै सो डिजाइनमा केही परिमार्जन गर्न लागिएको उनको भनाई छ।

'हामीले रुख कटानवापत वन विकास कोषमा ४ करोड ३८ लाख रुपैयाँ जम्मा गर्नुपर्ने हुन्छ। त्यसका लागि अर्थ मन्त्रालयमा पत्राचार गरिसकिएको छ र केही दिनभित्रै रकम निकासा हुनेछ', उनले भने, 'उक्त रकम जम्मा हुनासाथ वन विभागसँगको समन्वयमा मेसिन प्रयोग गरेर छिटोभन्दा छिटो रुख हटाउने काम सुरु हुनेछ। हाम्रो प्राविधिक टोलीले साविकको डिजाइनलाई थोरै परिमार्जन गर्दैछ। ताकि संरचना थप आधुनिक, प्रभावकारी र कम खर्चिलो होस्।'

प्रदेश सरकारले यसै आर्थिक वर्षभित्रै प्रशासनिक भवन निर्माणका लागि खरिद (ठेक्का) प्रक्रिया सुरु गर्ने लक्ष्य राखेको उनले बताए। मन्त्रालयको सम्पूर्ण ध्यान र प्राथमिकता अहिले यही आयोजनामा केन्द्रित रहेको र रुख कटान सकिएलगत्तै टेण्डर आह्वान गरिने उनको भनाई छ। डिजाइन परियोजनासहित निर्माण कार्य थालिने र सो सम्पन्न भएपछि बागमती प्रदेशका सबै मन्त्रालयहरु एकै स्थानबाट सञ्चालन भई सेवा प्रवाहमा सहजता आउने उनले बताए।

## संरचना निर्माणको योजना

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ मै एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माण योजना अघि सारेका थिए। प्रदेश राजधानीका संरचना निर्माणमा जग्गा खोजी गरे पनि उनले त्यसलाई निश्कर्षमा पुऱ्याउन सकेनन्। त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि यसबारे प्रयास भयो, तर जग्गा प्राप्तिको प्रक्रिया टुंगोमा पुग्न सकेन।

हेटौंडा-१७ स्थित डिपोचौरमा निर्माण गर्नेगरी आयोजना तयार गरेर तत्कालीन सरकारले पटक-पटक संघीय सरकारलाई पत्राचार गरे पनि निश्कर्षमा पुग्न सकेन। पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले 'राष्ट्रिय गौरवको आयोजना' निर्धारण गरेसँगै जग्गा प्राप्तिको कानुनी गाँठो खुकुलो बनेको हो। प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०२ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ। मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेश सभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचना निर्माण गर्नेगरी ईआईए गरिएको छ।

निवर्तमान मुख्यमन्त्री बहादुर सिंह लामाका पालामा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि २०८१ चैत ६ गते राष्ट्रिय योजना आयोगले सो योजनालाई राष्ट्रिय गौरवको आयोजना निर्धारण गर्ने निर्णय गरेको थियो। आयोगको उक्त निर्णयको पत्र प्रधानमन्त्री कार्यालय हुँदै मुख्यमन्त्री कार्यालयमा प्राप्त भएपछि जग्गा प्राप्तिका लागि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिएको थियो। यद्यपि सो क्षेत्रमा रहेका वन क्षेत्रको क्षतिपूर्ति बापतको रकम सुनिश्चितता नहुँदा पुन: फाइल रोकिएको थियो।

प्रदेश सरकारले रुख कटानवापतको क्षतिपूर्ति र वृक्षारोपणका लागि आवश्यक रकम 'वन कोष' मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया फेरि अघि बढेको थियो। उक्त आयोजनामा २७.५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन) को वन क्षेत्र पर्छ भने ३.४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्दछ। वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार संरचना निर्माणका क्रममा ५ हजार २४४ वटा रुख काटिनेछन्। जसमा सबैभन्दा बढी २ हजार ३७२ सिसौ र १ हजार ९३७ खोटे सल्लाका रुख छन्। रुख कटानबाट करिब १ हजार ६४३ घनमिटर काठ र १ हजार ६४२ घनमिटर दाउरा उत्पादन हुने अनुमान छ।



## सम्पादकीय

# नयाँ सरकारको प्रतीक्षा

जेनजी आन्दोलनका कारण विघटन भएको प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएर नयाँ जनादेश प्राप्त भएको छ । यस पटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा वैकल्पिक राजनीतिक शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुई तिहाइ सिट जितेको छ । रास्वपाको या सानदार विजयको पछाडि काठमाडौं महानगरपालिकाको प्रमुख भएर चर्चामा आएका बालेन साहको भूमिका महत्वपूर्ण रहेको छ । महानगरपालिकाको प्रमुखबाट राजीनामा दिएर रास्वपामार्फत् निर्वाचनमा होमिएका बालेनकै कारण निर्वाचनमा रास्वपाले अकल्पनीय सफलता पाएको हो । रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीको रुपमा अघि सारेर निर्वाचनमा गएकै कारण आम नेपालीले रास्वपालाई बहुमतमात्र होइन, झण्डै दुई तिहाइ नै पुऱ्याइदिएका हुन् ।

निर्वाचनमा मतदान सम्पन्न भएर प्रारम्भिक मतगणना सुरु भएसँगै रास्वपाले बहुमत ल्याउने सम्भावना देखिएको थियो । मतगणना भइरहँदा बालेनले जित्ने सम्भावना देखिएसँगै उनलाई प्रधानमन्त्रीको रुपमा देख्ने आम नेपालीको आकांक्षाका कारण नयाँ सरकारको व्यग्र प्रतीक्षा भइरहेको थियो । बिहीबार सांसदहरुको सपथग्रहणपछि रास्वपाले बालेनलाई संसदीय दलको नेता बनाउने निर्णय गरेसँगै बालेन प्रधानमन्त्री बन्ने निश्चित भएको छ । बालेनले आज शुक्रबार प्रधानमन्त्रीको सपथ लिने कार्यक्रम यसअघि नै सार्वजनिक भइसकेको छ । प्रधानमन्त्री बनेसँगै मन्त्रिपरिषद् गठन गरेर काममा लागिहाल्ने तयारी भइरहेको व्यापक चर्चा समेत चलिरहेको छ । बालेनले सपथग्रहणको क्रममा शंखध्वनिसहित वटुकहरुबाट स्वस्तिवाचन र भिक्षुहरुबाट अष्ठमंगल पाठ गर्ने हल्लाले एक प्रकारको तरङ्ग ल्याएको छ ।

बालेन प्रधानमन्त्री बन्ने र सरकारको नेतृत्व गर्ने निश्चित भए पनि उनले बनाउने मन्त्रिमण्डल कस्तो र कत्रो होला अनि उनको नेतृत्वको सरकारले कसरी र कस्तो काम गर्ला भन्ने कौतुहलता भने कायमै छ । विद्यमान मन्त्रालयको संख्या घटाएर सानो आकारको सरकार बनाउने चर्चा व्यापक बनिरहेको अवस्थामा यस्तो कौतुहलता उत्पन्न हुनु स्वभाविक हो । विगतमा झण्डै ५ दर्जनको मन्त्रिमण्डल बनाउने अवस्था बनेपछि २०७२ को संविधानले संघीय सरकारमा प्रधानमन्त्रीसहित २५ जनाभन्दा बढीको मन्त्रिमण्डल बनाउन नपाउने व्यवस्था गरेको छ । संविधानले २५ जनासम्मको सरकार बनाउन पाउने सुविधा दिएकै कारण प्रधामन्त्रीको कार्यालयसहित मन्त्रालयको संख्या २२ वटा बनाइएको छ । २२ वटा मन्त्रालय कायम हुँदा मन्त्रिमण्डल २५ कै हाराहारीमा हुने भएपछि मन्त्रालयको संख्या घटाएर मन्त्रिपरिषदको आकार सानो बनाउनु सान्दर्भिक देखिन्छ ।

आम नेपालीको प्रतीक्षाको घडी समाप्त भएर बालेन साह प्रधानमन्त्री बन्दै गर्दा उनको मन्त्रिमण्डलको आकार पनि सानो हुने अपेक्षा आम नेपालीको छ । सरकारको आन्तरिक आम्दानीले साधारण खर्चसमेत धान्न मुस्किल भइरहेको मुलुकमा सानो आकारको संसद र मन्त्रिमण्डल नै उपयुक्त हुन्छ । संविधान संशोधन नगरी संसदको आकार सानो बनाउन नसकिए पनि मन्त्रिमण्डल सानो बनाएर खर्च कटौती गर्न सकिन्छ । अहिले रास्वपाको एकल सरकार बन्ने भएकाले भागबण्डाको आवश्यकता नहुँदा मन्त्रालयको संख्या कटौती गरी सानो आकारको मन्त्रिमण्डल बनाउनु उचित हुनेछ । बालेन सरकारले आम नेपालीको आशा र अपेक्षालाई आत्मसात गरेर सानो र छरितो मन्त्रिमण्डल बनाउने विश्वास गर्न सकिन्छ । नयाँ सरकारको प्रतीक्षा गरिरहेका नेपालीमाझ सकेसम्म सानो आकारको सरकार बनाएर नयाँ आशाको सञ्चार गर्ने र नेपालीको मन जित्ने अवसर रास्वपा र बालेनलाई छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अतिथिका रुपमा सम्मानित हुने समय छ । |
| वृष | : कामका लागि आशावादी बनिने समय छ । |
| मिथुन | : नयाँ काम र जिम्मेवारी थपिने समय योग छ । |
| कर्कट | : विपरीत परिस्थितिलाई सामना गर्ने समय छ । |
| सिंह | : बिचार र भावनामा परिने समय योग छ । |
| कन्या | : परम्पराको पालना गर्दा लक्ष्यमा पुगिएला । |
| तुला | : धार्मिक र सामाजिक काममा मन जाने छ । |
| वृश्चिक | : व्यापार–व्यवसाय ठिकै रहने समय छ । |
| धनु | : कर्तव्य र दायित्वका बारेमा गम्भिर बन्नु पर्ला । |
| मकर | : बन्द व्यापारबाट लाभ प्राप्त हुने समय योग छ । |
| कुम्भ | : नयाँ अवसरहरु प्राप्त हुने समय योग रहेको छ । |
| मीन | : काममा सावधानीपूर्वक कदम चाल्दा राम्रो रहने छ । |

# एसईई तामझाम र अनुगमनका झाँकी बन्द गरौं !



✍ रमेश प्रसाद लामिछाने

१. वर्तमानको एसईई तत्कालिन एसएलसीकै नवसंस्करणको रुपमा बुझ्ने गरिन्छ । त्यत्तिबेला विद्यालय तहको अन्तिम परीक्षा एसएलसी हुन्थ्यो । अहिलेको एसईई पश्चात अरु २ वर्ष विद्यालय शिक्षामा बाँकी रहन्छ । हुन त यी दुबै परीक्षा कक्षा १० को अन्त्यमा हुनु अर्को समानता हो । शिक्षामा फलामे ढोका भन्ने पहिचान बनाएको एसएलसी परीक्षा साँच्चै एक इतिहास हो । वि.सं. १९९० सालबाट ३३ जना परीक्षार्थी सहभागी भै सुरुवात भएको यो परीक्षाको महत्वका बारेमा धेरैले धेरै पटक लेखेका छन् । हाल ५ लाख भन्दा बढी परीक्षार्थीहरु सम्मिलित हुने यो परीक्षा नेपालमा सबैभन्दा ठूलो मानिएको छ । शिक्षामा अरु परीक्षा पनि बोर्ड परीक्षा हुन्छन् । विश्वविद्यालयस्तरका तहगत परीक्षाहरु पनि राष्ट्रिय परीक्षा बोर्डबाटै संचालन हुँदै आएका छन् । अरु परीक्षाको चर्चा कमै हुन्छन् । एसईई सुरु हुनु भन्दा एक महिना अगावै र नतिजा प्रकाशन पश्चात अर्को महिनासम्म पनि चर्चा हुने परीक्षा सायद विश्वमै यहि हुनुपर्छ । देशैभर एकै समयमा र उही प्रश्नपत्रमा संचालन हुने एसईईले आम नागरिकको ध्यान आकर्षित गरेको तथ्यमा बिमति छैन ।

२. तत्कालिन एसएलसीमा सहभागी हुन कक्षा १० को अर्को परीक्षा टेष्ट उत्तीर्ण हुनै पर्थ्यो । टेष्ट फेल भएमा कक्षा १० मै पढ्नु पर्थ्यो । हाल यो व्यवस्था छैन । त्यत्तिबेला कक्षा ९ बाट पनि प्रश्नहरु सोधिने गरिन्थ्यो । आजका एसईईमा कक्षा १० बाट मात्र प्रश्न सोधिन्छ । कुनैबेला ९०० पूर्णाङ्क अनि झरेर ८०० पूर्णाङ्क र अहिले ७०० पूर्णाङ्कमा यो परीक्षा लिईन्छ । विगतमा संख्या कम हुने र उत्तीर्ण प्रतिशत पनि कमै हुने गरेकाले यो परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुको शान नै भिन्न हुन्थ्यो । अहिलेका पिएचडी होल्डर भन्दा तत्कालिन एसएलसी पास गर्नेहरुको चर्चा बढी नै हुन्थ्यो भन्दा अत्युक्ती नहोला । पास-फेल थाहा पाउन नतिजा प्रकाशन भएपछि थप कम्तिमा ३ दिन छटपटिएर कुर्ने अवस्था आज अर्को कथा बन्न सक्छ । एसएलसी उत्तीर्ण पश्चात अलग उर्जा प्राप्त भएजस्तो महसुस हुन्थ्यो । योग्यता त एकै हो तर आज एसईई गर्नेहरुमा झनै उदास र निराशा मात्र देख्न सकिन्छ । क्षमता पनि त एकै हुनुपर्ने तर त्यस्तो पाइँदैन । हाल सामान्य साक्षर जस्तो मानिने एसईईका तामझाममा भने खासै कमी देखिँदैन ।

३. परीक्षा नजिक आएपछि विद्यार्थी स्वयम् कसरी पास हुने भनेर चिन्तित हुन्छन् । त्यहि कुरो कक्षा १० को वर्ष सुरु हुँदै गम्भीर बन्ने हो भने यो उत्तीर्ण सहज हुन्थ्यो नै । यस परीक्षालाई हाउगुजी नै ठान्ने विद्यार्थीमा पूर्व सावधानी र तयारी पटक्कै भेटिँदैन । शिक्षकहरु, प्रधानाध्यापक र समितिका पदाधिकारीहरु, शिक्षा प्रशासनका कर्मचारीहरु र अभिभावक समेत सबैको ध्यान यहि एसईईमा केन्द्रीत देखिनु अर्को तमाशा भन्नै पर्दछ । घर बलियो हुन त जग मजबुत चाहिन्छ भन्ने यी सबै ठूला मान्छेहरु कक्षा १ को सिकाई उपलब्धिका बारेमा रत्ति पनि चासो लिएको भेटिँदैन । कक्षा २ मा हासिल गर्नुपर्ने सिकाई उपलब्धि पूरा नगरी विद्यार्थी कक्षा ३ मा कक्षोन्नति हुन्छ । त्यसैगरी कक्षा ३ र अरु कक्षामा पनि क्रमश: उहि प्रक्रिया हुँदै विद्यार्थीहरु कक्षा १० मा पुग्छन् । कक्षा ८ को परीक्षा स्थानीय तहबाट संचालन हुने व्यवस्था भए पनि मात्र औपचारिकता जस्तो देखिन्छ । स्थानीय तहमा जनशक्तिको अभाव र भएकाको पनि उपयुक्त व्यवस्थापन नहुनाले समस्या बनेको हुन सक्छ । परीक्षाको मुखमा पोहोर साल नतिजा किन शून्य भयो भनेर समीक्षा हुनु अर्को तमाशा देखिने हाम्रो सन्दर्भमा यो परीक्षामा सुधारको अपेक्षा पनि धेरै टाढा भन्नै पर्दछ । समीक्षा त नतिजा प्रकाशन भएको सात दिन भित्र हुनुपर्छ । त्यो पनि समीक्षाका लागि समीक्षा होइन, नतिजा सुधारेरै छाड्ने ठोस योजना अनि त्यसका कार्यान्वयनसँग जोडिनै पर्दछ ।

४. करिब उस्तै संख्या र केन्द्रमा संचालन हुने कक्षा १२ को प्रश्नपत्र ईमेलबाट पठाउन सक्ने परीक्षा बोर्डले एसईईको भने प्रहरी चौकीमा राखेर ठूलै सुरक्षा दिएको देख्दा आश्चर्य नै लाग्छ । केन्द्राध्यक्ष छनौटमा शिक्षा प्रशासनका कर्मचारीहरुका अतिरिक्त शिक्षकका पेशागत संस्थाहरु र राजनीतिक पार्टीहरुको चलखेल पर्याप्त हुने कुराहरु यो परीक्षाका विशेषता नै भन्दा हुन्छ । परीक्षा केन्द्र निर्धारणमा गरिने हस्तक्षेप लगायतका काममा विधिका कुराहरु प्राय: ओझेलमा पर्नु अनौठो मानिँदैन । परीक्षा अनुगमनका नाममा तोकिएका परीक्षा समितिका पदाधिकारीका अतिरिक्त पत्रकार, राजनीतिक पार्टीहरु, शिक्षकका पेशागत संस्थाहरु, अभिभावक संघ, स्थानीय तथा प्रदेश सरकारका व्यक्तिहरु, जनप्रतिनिधिहरु र शिक्षा प्रशासनका अन्य व्यक्तिहरुको गतिलै जमात जन्ती झैं देखिने गरी परीक्षा केन्द्रमा प्रवेश गर्दा गतिलो हलचल हुने अझ यी अनुगमनकर्ताहरुको जमात परीक्षा हलमै प्रवेश गर्दा त परिक्षार्थीहरु झस्कने र आत्तिने गरेका घटना पनि हामीले सुनेका छौं । यस्ता अनुगमनले परीक्षा जहाँ स्वच्छ र मर्यादित बनाउनु पर्ने हो त्यहाँ रत्ति पनि असर नगरेको र जहाँ आफैंमा अनुशासित र व्यवस्थित छ त्यहाँ ती अनुगमनले कुनै अर्थ नराखेको अवस्थाहरु स्पष्ट पाइएको छ ।

५. प्रत्येक परीक्षा केन्द्रमा कम्तिमा १५ जना सुरक्षाकर्मीहरु, २० परीक्षार्थी बराबर एक निरीक्षक, कर्मचारी, सहायक केन्द्राध्यक्षहरु र केन्द्राध्यक्षको सुसज्जित टिम परीक्षा संचालनार्थ व्यवस्था गरिएको हुन्छ । यो अनुगमनको नाटक किन गरिन्छ, रहस्यमय र बुझ्नै कठिन लाग्छ । परीक्षामा संलग्न भइरहेका विद्यार्थीहरुको भिडियो बनाउने पत्रकार र टिकटक बनाउने शिक्षक कर्मचारीहरु देख्दा झनै उदेक लाग्दो र तमाशा नै देखिन्छ । परीक्षाका मर्यादा र पहिचान नै धुलो बनाएर चोर्ने चोराउनेहरुमा यो अनुगमनको तामझामले रत्तिपनि प्रभाव पारेको पाईंदैन । जहाँ मर्यादित र स्वच्छ परीक्षा संचालन हुन्छ, त्यहाँ यस प्रकारका अनुगमनले परीक्षार्थीहरुमा त्रास र डिस्टर्व भएको सहजै देख्न सकिन्छ ।

अहिले धेरैजसो परीक्षा केन्द्रहरुमा सिसि क्यामेरा भएकाले पनि अनुगमनलाई प्रविधिसँग जोडेर आआफ्नो अफिसबाट सहजै हेर्न सकिन्छ । स्थलगत भ्रमण गर्ने र परीक्षा हलमै प्रवेश गरेर नाटक देखाउनु जरुरी छैन । परीक्षा सकिए पश्चात उत्तरपुस्तिका प्रहरीको जिम्मामा राखेर अन्तमा उत्तरपुस्तिका परीक्षण केन्द्रमा लैजाने सम्बन्धमा पनि आवश्यक सहजताका सवालमा ध्यान दिएको पाईंदैन । परीक्षासँग सम्बन्धित अधिकांश प्रक्रियाका बारेमा सान्दर्भिक र सामयिक बनाउनेतर्फ पर्याप्त विश्लेषण र योजना देखिँदैन । विगतमा यो गरियो, अहिले पनि त्यसैगरी चलाउनु पर्छ भन्ने मानसिकताले परीक्षा बोर्ड ग्रसित बुझिन्छ ।

६. अन्तमा, एसईईलाई प्रदेशस्तरबाट संचालन र व्यवस्थापन गर्ने कुरा कागजमा मात्र सीमित नबनोस् भन्ने अभिप्राय पनि यो आलेखसँग जोडिएको छ । शैक्षिक गुणस्तरीयता र परीक्षाका मर्यादाका सवालमा शून्य सहनशीलता हुनै पर्दछ । जत्ति लामो डोरी बाटे पनि गाँठो भने एउटै भने जस्तो यी सबै हाउगुजी श्रृजनाका पछाडि पैसाको खेलो जोडिएकोमा शंका छैन । श्रम गर्ने चाहीँ न्यून पारिश्रमिकमा लदिएको हुन्छ तर लाउकेहरु भने भत्ताका पछाडि कुदिरहेका हुन्छन् । परीक्षाका प्रभावकारिता र मर्यादा अनि स्वच्छतासँगै स्तरीयताका लागि आजसम्मका अनुगमनका प्रतिवेदन कहाँ पुगे भन्ने प्रश्नको जवाफ खोज्नु पर्दैन ? परिवर्तन के-के भए भनेर विवरण सार्वजनिक भए त ? परीक्षालाई परीक्षा जस्तो बनेको हेर्न चाहन्छौं । अनावश्यक तामझाम होइन । अनुगमनका ताँती पनि जरुरी छैन । शिक्षण संस्थाका विद्यार्थी मूल्याङ्कनका मूल औजार बनेको परीक्षाका विश्वसनीयता र वैधताका सवालमा कुनै पनि सम्झौता गरिनु हुन्न् । जाँच लिने र दिने भनेकै शिक्षक र सम्बन्धित परीक्षार्थी नै जिम्मेवार पक्ष भएकाले उनीहरुको सन्तुष्टिमा परीक्षा बोर्डले प्रदर्शन गर्ने अभिभावकीय भूमिकामा रत्ति पनि कमजोरी नरहोस् भन्ने हाम्रो चाहना हो ।

# नयाँ सरकार अघिल्तिर कर्मचारीतन्त्रको तगारो



✍ कृष्णप्रसाद पौडेल

यस पटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा अभूतपूर्व जनलहर देखियो। २७५ सिटका लागि भएको निर्वाचनमा रास्वपाका १८२ उम्मेदवार विजयी भए । घण्टी (रास्वपाको चुनाव चिह्न) मा भोटको जनलहर नेपाली राजनीतिको इतिहासमा कुनै अपवाद भने होइन, यद्यपि यसपटक फरक अपेक्षाहरुका साथ धेरैले एकै चिह्नमा मत दिएका हुन् ।

हुनत विगत सात दशकमा यस्ता लहर पटक-पटक आएका घटनाहरू हाम्रो स्मृतिमा अझै ताजा छन् । यसपटक मतदाताहरूले रास्वपाको झोलामा धेरै मत दिए किनभने उनीहरू पुरानो दलका अकर्मण्यताका विरुद्ध नवयुवाले गरेको विद्रोहलाई निष्कर्षमा पुगेको देख्न चाहन्थे । राजनीति गर्ने राजनेताबाट समाजले सधैं अगुवाइको आश गर्छ । त्यसो नगर्नेलाई आवधिक निर्वाचनमा हराउँछ । यो लोकतन्त्रको सामान्य नियम हो । यो नियम समेत पालना नभएको देखेर आक्रोशित भएको नवयुवाले विद्रोहको पहिलो विगुल फुक्यो । निर्वाचनमा यही साझा आक्रोशमा आशा थपेर दिएको मतले यो परिणाम आयो ।

अब दुईतिहाइ नजिकको सरकारले के गर्ला ? सबैको चासो छ। हाम्रो समाज विविध छ । सोही अनुसारका अपेक्षा छन् । यी अपेक्षालाई सम्बोधन गर्न राजनीतिक संस्कृति र दक्ष कर्मचारीतन्त्र मुख्य शर्त हो । विगतका राजनैतिक तथा प्रशासनिक नेतृत्व जन्माउने र जोगाइराख्ने संस्कृति सम्झनलायक छैनन्। यसअघि भएका बेथिति, कुशासन, भ्रष्टाचार, ठगी र अनियमितताका थुप्रोमा बसेर सुशासनको रटान लगाउन त सकिन्छ, तर समाज फेरिंदैन । नेपाली राजनीतिक रङ्गमञ्चको मार्मिक यथार्थ यही हो ।

यो रङ्गमञ्च दशकौंदेखि मुख्यत: वंशीय तथा जहानियाँ शासनका प्रतिनिधि, भ्रष्टाचारको उर्वरतामा उदाउँदो मध्यम वर्ग, बिचौलिया र दलालहरूको कब्जामा छ । यी प्रतिनिधि पात्रको राजनैतिक संस्कृतिको चर्चा नगरी नेपालको राजनीति बुझ्न सकिंदैन । यो नबुझी यसलाई फेर्ने आँट गर्न कसरी सकिएला र ?

कुरा शुरु गरौं, बेथिति र भ्रष्टाचारलाई संस्थागत गर्ने राजनैतिक नेतृत्व जन्माउने संयन्त्रबाट । आजसम्मको नेपाली समाज अपवाद बाहेक आफ्नो मान्छे, चाकडी, भनसुन र चलखेलको चक्रव्यूहमा फसेको छ । यो संस्कृति नेपाली समाजको सबै तह र तप्कामा मौलाएको छ । सानो होस् वा ठूलो, थाहा पाउने गरी होस् वा लुकेर; यो चक्रमा नफसेको विरलै भेटिन्छ । यो कुराबाट कोही अछुतो छैन । दलहरूमा समेत यही संस्कृतिको बोलवाला छ। फलस्वरूप, दलहरूले रैती, नेता, कार्यकर्ता उत्पादन गर्ने कारखाना चलाएका छन् । यस्तो संस्कृति भत्काएर सामाजिक नैतिकताको राजनीतिक संस्कृति निर्माण गर्नुपर्नेछ ।

दल मात्र हैन, गुट फेर्ने दौड तीव्र छ । सबैलाई हेक्का रहोस्, गुट-उपगुटका ह्यकुलाले पेलेर समाजको नेतृत्व गर्ने दल बन्दैन, बरु आ-आफ्नै बेसुरमा हराएको रमितेको जमात बन्छ । यो कुरा अब नयाँ दल र नेताले मात्र हैन कार्यकर्ताले ख्याल गर्न जरूरी छ, किनकि गुटका मतियारको आरोप नेताहरूले हैन कार्यकर्ताले खेप्ने गरेका छन् । तसर्थ समय छँदै यो आरोपबाट मुक्त हुँदै आ-आफ्ना दलभित्र लोकतन्त्रको बीउ रोप्न नसक्ने हो भने नयाँ दलहरूले बाँडेको समृद्धिको सपना तुहिनेछ ।

अहिले राजनीतिको मियोमा मध्यम वर्ग हावी छ । यही वर्गको वृत्ति-विकास मात्र गरेर उन्नतिका सरदर मापक त फेरिएलान् तर आम मानिसको जीवन फेरिंदैन । यो सबै समाजमा छर्लङ्गै देखिएको छ । बिचौलिया मध्यम वर्ग सत्ताको गहना हो । यो छेपारो जस्तै रङ फेरिरहन्छ । यो मुख्यत: नेपालको राजनीतिले मलजल गरेर हुर्काएको सत्ताधारी बौद्धिक वर्ग हो जुन राजनैतिक चाकडीमा लिप्त भइरहन्छ । यो सुदखोर राजनैतिक गुट बनाउन सधैं सक्रिय भइरहन्छ । यो भ्रष्ट कर्मचारीतन्त्रको तालमेलमा अपवित्र क्रियाकलापमा मात्र संलग्न हुन्छ ।

पारिश्रमिकले घरबार चलाउनसम्म नसक्ने कनिष्ठ कर्मचारीलाई ढाल बनाएर भ्रष्टाचारमा लिप्त कर्मचारीतन्त्रका मुखिया राजनीतिलाई भ्रष्ट बनाउने र यसैबाट फाइदा उठाउने काइदाका सूत्रधार हुन् । यो मुखिया संस्कृति जोगाउने कर्मचारीतन्त्रको पुनर्संरचना गर्न राजनैतिक नेतृत्वले विगतमा खुट्टा कमाएर नै अहिलेको बेथिति मौलाएको हो । यही कमजोरीको जगमा टेकेर कर्मचारीतन्त्र आफ्नो भाग खोज्दै राजनीतिक नेतृत्वलाई धक्याउने गरेको छ ।

भुक्तभोगी भन्छन्- निरंकुश राजनैतिक व्यवस्था परिवर्तन गरियो तर राणाहरूले रोपेको र सामन्तहरूले हुर्काएको निजामती नामको विषवृक्ष जरैदेखि उखेलेर फाल्न सकिएन । यो नै अहिले हाम्रो समृद्ध हुने सपनाको सबैभन्दा ठूलो तगारो हो । अबको समृद्धिको यात्रा सिंहदरबार दक्षिणढोका नजिक रहेको निजामती कर्मचारी ट्रेड युनियनको कार्यालय बन्द गर्न सके मात्र शुरु हुन्छ, हैन भने यो भाषणमा मात्र सीमित रहन्छ ।

नीति भएन भने समाजमा थिति बस्दैन र सामाजिक सम्बन्ध खल्बलिन्छ । यही थिति बसाउन राजनीतिक नेतृत्वलाई सघाउनुपर्ने कर्मचारीतन्त्र आफ्नै स्वार्थको घेराबन्दीमा परेर तमासे भएको छ । यही कारण हामी नेपालीको उन्नत हुने सपना दशकौंदेखि तुहिँदै आएको हो । यसबारे मुख खोलेर बोल्न कोही आँट गर्दैनन् । यसमा मुख्य जवाफदेही लिनुपर्ने राजनीतिको शीर्ष नेतृत्व यसबारेमा चुँसम्म बोल्दैन किनकि थिति बसे अहिलेसम्म बेथितिको धमिलो पानीमा स्वार्थका माछा मारेर गुजारा चलाएर बनाएको शीर्ष विरासत गर्ल्यामगुर्लुम ढल्छ भन्ने डर छ । यो डर अबको नेतृत्वमा हुँदैन भन्ने स्पष्ट सन्देश अहिलेको सरकारले पहिलो दिनदेखि नै दिन सक्नुपर्छ । नत्र रात रहे अग्राख पलाउँछ भन्ने देखे-भोगेर आएको नेपाली समाजको उत्साह मर्छ ।

यो उत्साह जगाइराख्ने काम जनप्रतिनिधिको हो । आजसम्म हाम्रो देशको विडम्बना के छ भने, विधि बनाउने मुख्य कर्ता सांसदहरू सबैभन्दा बढी उपेक्षित छन् । यिनले औपचारिकताका लागि ऐन कानूनमा स्वीकृतिको मुन्टो हल्लाउँछन् र यत्तिका भरमा नीतिनिर्माण गर्ने सांसदको फुली लगाउँछन् । यिनलाई निकम्मा बनाउने खलनायक कर्मचारीतन्त्रको नेतृत्व बन्ने गरेको छ । यो समूह या त आफैं या अरूको इशारामा अर्केको कमाई खान पल्केको बिचौलियाबाट निर्देशित छ । अहिले यसको नेतृत्व सधैं आफूलाई मात्र केन्द्रमा राख्ने दलाल मध्यमवर्गीय राजनैतिक नेतृत्व र पश्चिमी ज्ञानशालामा दीक्षित बौद्धिक बिचौलियाको गठजोडले गर्छ । माथिका कुरा सुन्दा आरोप जस्तो लागे पनि हाम्रो समाजको आजको तितो यथार्थ यही हो । तर यस्तै कारणले सम्भावित दुर्घटनाबाट जोगिन र जोगाउन सार्थक पहल आवश्यक छ । मुख्यत: दलहरूको आन्तरिक गुटतन्त्र, राजनीतिक तथा प्रशासनिक नेतृत्वको लुटतन्त्र र नागरिक समाजको निरीहपन नफेरी यो मुलुक फेरिंदैन ।

बदलिएको परिवेशमा नयाँ ढंगले राजनीतिलाई परिभाषित र परिमार्जन गर्दै समृद्धिको यात्रामा अघि बढनुको विकल्प छैन । आफू, समाज र देश बनाउने हो भने अब फेरिने पालो हामी सबैको हो। आफू नफेरिने अनि समाज र देश फेरिएन भनेर रोइलो गर्नु बकवास मात्र हो । थिति बसाल्न र नीतिगत भ्रष्टाचार रोक्न निम्न कदम तत्काल चालिनुपर्छः

पहिलो, अहिलेकै व्यवस्थामा राजनैतिक पार्टीभित्र लोकतन्त्र बलियो नभएसम्म लोकराजको कल्पना सोम शर्माको सातु जस्तै हो । अरूलाई औंला ठड्याउनेले बेला-बेला आफ्नो औकात ऐनामा हेर्न सक्नुपर्छ । गुटतन्त्र अहिलेका सबै पार्टीको क्यान्सर हो । यसको अन्त्य गरेर नागरिक प्रतिनिधिको समूह दल र यसको प्रतिनिधि नेता हो भन्ने दृष्टिकोणको आधारमा दल चलाउनुपर्छ । यो गर्न चुकेका दिन सबै भ्रमको विरासत ढल्छ ।

दोस्रो, स्थायी सरकार भनिने कर्मचारीतन्त्रको पुनर्संरचना विना यसले आजको समाजलाई सेवा दिन सक्दैन । दल र नेताको चाकरीमा रमाएको कर्मचारीतन्त्रको नेतृत्व नै विगतका सबै सामाजिक अपराधको मूल हो । यसले विवेक गुमाएसँगै शुरु भएको बेथितिको यात्रा नै आजको संकट हो । यसलाई निकम्मा बनाउन उपयोग गरिएका सबै पुराना संयन्त्र खारेज गरिनुपर्छ । नयाँ परिवेशमा यसको पुनर्संरचना गर्न नसके चुस्त र दुरुस्त सेवा हवाई कल्पना सावित हुन्छ ।

तेस्रो, नीति निर्माणमा स्वार्थ समूहको प्रभाव पार्ने कदमलाई कानूनी रुपमै निरुत्साहित गर्नुपर्छ । तर, यो अहिले निकै चुनौतीपूर्ण छ किनभने समाजको नेतृत्वमा रहेको मध्यम वर्गले अनुशासित उद्यमी बन्ने चेतना उन्नत नबनाएसम्म बिचौलिया चलखेल रोकिंदैन । दलाल सम्पत्तिको प्राविधिक पारदर्शितासँगै नैतिक नेतृत्व विकास गर्ने दलका विधि-विधानमा सँगसँगै जोड दिनुपर्छ । यो कार्य सांसदहरूको सामाजिक कार्यकारी भूमिकालाई प्रभावकारी बनाउन सकेमात्र सम्भव हुन्छ। विधि बनाउने थलो संसद्लाई चुस्त बनाएर जन-प्रतिनिधिलाई उत्तरदायी बनाउनुपर्छ ।

नेपालको समृद्धि यात्रा सफल बनाउन यो पत्रु हुँदै गएको संयन्त्रलाई नफेरी सुखै छैन । नागरिकले तिरेको करको सदुपयोग होस् र कर्मचारीहरू साँचो अर्थमा राष्ट्रसेवक बनुन् । हामी यस्तो दिनको प्रतीक्षामा छौं । यो त्यतिबेला मात्र सम्भव छ जतिबेला राज्य संचालनका अगुवा राजनीतिक दल र तिनका नेता अब्बल दर्जाका नागरिक हुन्छन् । अन्त्यमा, नेपालको समृद्धि यात्राको गाडी तब मात्र गुड्नेछ, जब यसको इन्जिन अर्थात् प्रशासन चुस्त र दुरुस्त हुनेछ र अनुभवी चालक अनुशासित र दृढ हुन्छन् । यो सबै सच्याउने हामी सबैको मति सच्चिए मात्र हाम्रो उन्नति यात्रा शुरु हुन्छ । पर्खौं, यो दिन चाँडै आउनेछ ।

*(कृषिविज्ञ पौडेल खानाका लागि खेतीपातीका अभियन्ता हुन् । स्रोतः खनलाईखबर)*

# हेटौंडामा एमआरएफको शोरुम



*टायरमा रहेको रिबन खोलेर शोरुमको उद्घाटन गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : भारतीय टायर कम्पनी एमआरएफको शोरुम 'भैरव टायर्स' हेटौंडामा सन्चालनमा आएको छ । बुधबार हेटौंडा-५, भैरवरोडमा शोरुमको उद्घाटन गरिएको हो । एमआरएफको आधिकारिक बिक्रेताको रूपमा भैरव टायर्स हेटौंडाका लागि दोस्रो बिक्रेता हो ।

दुई पाङ्गे, चार पाङ्गे, डोजरका टायरको अधिकृत बिक्रेताको रूपमा भैरव टायर्स सन्चालनमा एक करोड रुपैयाँ बराबरको लगानी रहेको प्रोप्राइटर राजु पौडेलले जानकारी दिनुभयो । एमआरएफ कम्पनीको नेपाल र भुटानका लागि बिक्री प्रबन्धक गौतम सिंह दर्नालले शोरुमको उद्घाटन गर्नुभयो। शोरुम उद्घाटन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको पनि आतिथ्य रहेको थियो। सवारी साधनधनीहरुको सहरको रुपमा परिचित हेटौंडामा व्यावसायिक सम्भावना राम्रो भएकै कारण लगानी गरेको पौडेलले बताउनुभयो । भारतीय लोकप्रिय ब्राण्डको व्यावसायिक लाभको अवसर पनि राम्रो रहेको पौडेलको भनाइ छ ।

# मकवानपुरमा छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जना घाइते

समाज संवाददाता

हेटौंडा : मकवानपुरको हेटौंडा र मनहरीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ३ जना घाइते भएका छन्। बुधबार भएको दुर्घटनामा एक जना गम्भीर घाइते भएका छन् भने दुई जना सामान्य घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

हेटौंडा-१९, सान्नानटारस्थित पूर्व-पश्चिम राजमार्गमा ट्रक र मोटरसाइकल ठोक्किँदा एक जना गम्भीर घाइते भएका छन्। बुधबार बिहान १० बजेर ५० मिनेटको समयमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको बाप्र ०३-००१ ख २६५२ नम्बरको आइचर ट्रकको स्टेयरिङ टाइरट फुस्किएर अनियन्त्रित भई सोही दिशाबाट आउँदै गरेको बाप्र ०२-०६५ प १५५२ नम्बरको बुलेट मोटरसाइकललाई छोएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक तनहुँ जिल्लाको व्यास नगरपालिका-६ घर भई हाल नेपाली सेनाको रुरु भैरव गण, सुनाचुरी मकवानपुरमा कार्यरत २६ वर्षीय प्युठ सुमन श्रेष्ठ गम्भीर घाइते भएका छन् । श्रेष्ठको सीएमसी चुरेहिल अस्पताल हेटौंडामा प्रारम्भिक उपचारपश्चात थप उपचारका लागि नेपाली सेनाको हेलिकोप्टरमार्फत काठमाडौंस्थित छाउनी अस्पताल पठाइएको छ। ट्रक चालक भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका-४ का ४६ वर्षीय पूर्णगोपाल न्हुछेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मनहरी गाउँपालिका-६, नयाँबस्तीस्थित पूर्व-पश्चिम राजमार्गमै मोटरसाइकल र ट्याङ्कर ठोक्किँदा दुई जना घाइते भएका छन् । बुधबार बिहान ११ बजेको समयमा मनहरीबाट चितवनतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-०४० प ९४६९ नम्बरको मोटरसाइकलले ओभरटेक गर्ने क्रममा विपरीत दिशाबाट आउँदै गरेको ना ७ ख ४६६० नम्बरको खाली ट्याङ्करसँग ठक्कर खाएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक रौतहट जिल्लाको गुजरा नगरपालिका-४, कनकपुरका २६ वर्षीय शेष असफाक र पछाडि सवार २३ वर्षीय महमद इशाद घाइते भएका छन् । घाइते दुबैको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको छ । ट्याङ्कर र चालक नवलपरासी गैंडाकोट नगरपालिका-१, भेडावारीको ४३ वर्षीय किरण चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# मकवानपुरमा ७ सयभन्दा बढी क्षयरोग बिरामी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा ७ सयभन्दा बढी क्षयरोगका विरामीहरु रहेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरले गरेको जिल्लास्तरीय वार्षिक समीक्षामा जिल्लामा ७ सय ७५ जना क्षयरोगका विरामीहरु रहेको जानकारी दिइएको हो ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा माइक्रोस्कोपी विधिबाट ५ हजार ९५६ जनाको र पिसीआर विधिबाट ३ हजार ९२ जनाको परीक्षण गरिएको कार्यालयले जानकारी दिएको छ । परीक्षण गर्दा सबभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा ३४० जनामा क्षयरोग देखा परेको छ । बकैया गाउँपालिकामा ११२ जनामा र मनहरी गाउँपालिकामा ११० जनामा रोग देखा परेको कार्यालयले जनाएको छ। यसैगरी, बागमतीमा ८५ जना, थाहा र मकवानपुरगढीमा ३०/३० जना, भीमफेदीमा २६ जना, राक्सिराङमा १८ जना, कैलाशमा १६ जना र इन्द्रसरोवरमा ८ जना विरामी फेला परेका छन् ।

रोगको रोकथामका लागि पटक-पटक समुदायस्तरमा जनचेतना कार्यक्रम गर्दै आएको जनस्वास्थ्य कार्यालयका कान्जी चौधरीले जानकारी दिनुभयो । चौधरीका अनुसार १४ वर्षमुनिका बच्चाहरुमा सक्रिय क्षयरोग हुन नदिन कार्यालयले टिबीपीटी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# साढे ५ करोड ठगी र आपराधिक विश्वासघात मुद्दाका २ प्रतिवादी पक्राउ

काठमाडौंः पाँच करोड ७० लाख रुपैयाँ बराबरको ठगी तथा आपराधिक विश्वासघात कसुरका दुई प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा काभ्रेको पाँचखाल नगरपालिका-२ शिवचोक घर भएका ५८ वर्षीय कृष्णप्रसाद दंगाल र चितवनको खैरहनी नगरपालिका-१० कि २८ वर्षीया सरिता गुनी छन् । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कागेश्वरी मनोहराबाट पक्राउ गरेको हो । उनीहरुविरुद्ध धनुषा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको पाइएको छ। यसअघि गुनीविरुद्ध चितवन प्रहरीमा ३२ र ३० लाख गरी ६२ लाख बैकिङ कसुरको दुई वटा मुद्दा दर्ता भएको पाइएको छ। *(स्रोत: अनलाईनखबर)*




## डढेलो नियन्त्रणका लागि विशेष तयारी

# टोल फ्री नम्बरदेखि कर्मचारीको बिमासम्म

समाज संवाददाता

हेटौंडाः डिभिजन वन कार्यालय मकवानपुरले चैत १ गतेदेखि ७ गतेसम्म सञ्चालन भएको वन डढेलो सप्ताहका अवसरमा भएका गतिविधि र डढेलो नियन्त्रणका लागि गरिएको पूर्वतयारीबारे जानकारी गराएको छ । मंगलबार पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी कार्यालयले जिल्लामा वन डढेलोको जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि भइरहेका प्रयासहरूबारे जानकारी गराएको हो ।

मकवानपुर डिभिजन वन कार्यालय मातहत रहेका राईगाँउ, फापरबारी, छतिवन र बकैया गरी चारवटा सब डिभिजन वन कार्यालय र १३३ वटा हस्तान्तरित सामुदायिक वन उपभोक्ता समूहहरूमा डढेलो नियन्त्रणका कार्यक्रमहरू केन्द्रित गरिएको छ । विगत २५ वर्षको तथ्याङ्क हेर्दा जिल्लाको बागमती र बकैया गाउँपालिकाको वन क्षेत्र डढेलोको सबैभन्दा उच्च जोखिममा देखिएको कार्यालयले जनाएको छ ।

तथ्याङ्कअनुसार सन् २०१३ मा जिल्लामा सबैभन्दा धेरै १२ हजार २ सय २१ दशमलब ३ हेक्टर वन क्षेत्र डढेलोले नष्ट भएको थियो भने पछिल्लो समय सन् २०२१ मा ६ हजार ९ सय ७९ दशमलब ९ हेक्टर वनमा क्षति पुगेको थियो । वि.सं.२०८१ फागुनदेखि २०८२ जेठसम्मको अवधिमा मात्रै ५७४ दशमलब २५ हेक्टर वन क्षेत्रमा मानवीय कारणले डढेलो लागेको देखिएको छ ।

वन डढेलो सप्ताहका क्रममा कार्यालयले विभिन्न सब डिभिजनमार्फत मकवानपुरगढी, हर्नामाडी, भीमफेदी, बकैया, छतिवन, फापरबारी, राईगाउँ र हेटौंडामा डढेलो नियन्त्रणसम्बन्धी अन्तरक्रिया, सचेतना न्याली र अग्निरेखा निर्माणका कामहरू सम्पन्न गरेको छ । डढेलो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन डिभिजन वन कार्यालयले मुलुकमै पहिलो पटक २४ घण्टा सञ्चालन हुने टोल फ्री नम्बरको व्यवस्था गरी उजुरी तथा गुनासो व्यवस्थापन प्रणाली सुरु गरेको छ। यसका साथै 'एक वन एक पुनर्भरण पोखरी' कार्यक्रम अन्तर्गत २१ स्थानमा नयाँ पोखरी निर्माण भइरहेको, २२५ हेक्टरमा वन पत्ल्याउने (थिनिङ) कार्य सम्पन्न भएको र ३८ हेक्टरमा बिग्रिएको वनको पुनरुत्थान प्रक्रिया अगाडि बढाइएको छ ।

डढेलो नियन्त्रणका लागि ५ सय हेक्टरभन्दा बढी क्षेत्रमा झाडी सरसफाई, ३७ किलोमिटर पुरानो अग्निरेखाको मर्मत र ४ किलोमिटर नयाँ अग्निरेखा निर्माण गरिएको छ भने थप १० किलोमिटर नयाँ रेखा बनाउने लक्ष्य राखिएको छ । आगलागी नियन्त्रणका लागि १५ वटा लिफ ब्लोवर मेसिन प्रयोगमा ल्याइएको छ। वन डढेलो नियन्त्रणमा खटिने जनशक्तिको लागि संघीय वन तथा वातावरण मन्त्रालयले ५ लाखको सामूहिक दुर्घटना बिमा गरेकोमा डिभिजन वन कार्यालय मकवानपुरले आफ्नो तर्फबाट ३० जना कर्मचारीको प्रतिव्यक्ति १० लाख रुपैयाँको बिमा गरेको डिभिजनल वन अधिकृत राकेशप्रसाद चन्द्रवंशीले बताउनुभयो ।

जनशक्ति र स्रोत साधनको अभाव, भौगोलिक विकटता तथा आगलागी गराउने दोषीलाई पक्राउ गर्नुपर्ने कार्य चुनौतीपूर्ण रहेको कार्यालयले जनाएको छ । कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा हुने कुल डढेलोका घटनामध्ये ८९ प्रतिशत फागुन र चैत महिनामा हुने गरेका छन् । डढेलोका सबै घटनाहरू मानवीय लापरबाही वा नियतवश हुने गरेको र प्राकृतिक कारणले हुने डढेलोको संख्या शून्य रहेको तथ्याङ्कले देखाएको छ ।

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय हटाउन लागेको भन्दै विरोध प्रदर्शन

काठमाडौंः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय हटाउन लागिएको भन्दै विरोध प्रदर्शन गरिएको छ । महिला तथा मानव अधिकारकर्मीहरुले बिहीवार माईतीघरमा विरोध प्रदर्शन गरेका हुन् । नयाँ सरकार बनाउन लागेको राष्ट्रिय स्वन्तन्त्र पार्टी (रास्वपा) ले मन्त्रालयको संख्या घटाउने तयारी गरेको छ ।

मन्त्रालयको संख्या घटाउँदा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा गाभ्ने तयारी गरेपछि महिला अधिकारकर्मीहरूले विरोध जनाएका हुन् । रास्वपाले यी दुई मन्त्रालय गाभेर स्वास्थ्य तथा समाजकल्याण मन्त्रालय बनाउने तयारी गरेको छ । राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले निर्णय भइसकेपछि निर्णय बदल्न गाह्रो हुने भएकोले निर्णय अगावै खबरदारी गरेको बताइन् ।

राज्यको खर्च कटौती गर्ने नाममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा समाहित गर्ने आफूले जानकारी पाएको उनले बताइन् । जनसंख्याको ५१ प्रतिशत महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकको सवाललाई महिला मन्त्रालयले सम्बोधन गरिरहेको उनको भनाइ छ ।

उनले १८-४९ वर्षका सवालङ्ग बाहेक अन्य नागरिकको संरक्षण गर्ने मन्त्रालयलाई कटौती गर्नु आपत्तिजनक भएको बताइन् । उनले यो मन्त्रालयलाई अझ सशक्त बनाउन आवश्यक रहेको बताइन् । पछिल्लो समय जिल्लास्थित महिला विकास कार्यलय खारेज गरिँदा समस्या उत्पन्न भएको उनले बताइन् । आयोगले जिल्लामा रहेको महिला विकास कार्यलयलाई पुन सञ्चालनमा ल्याउन आग्रह गरे पनि सरकारले नसुनेको उनको भनाइ छ ।

उनले जिल्लामा महिला विकास कार्यलय स्थापना गर्न छाडेर भइरहेको मन्त्रालय पनि कटौती गर्नु महिला आन्दोलनमाथिको प्रहार भएको बताइन् । उनले महिला मन्त्रालयलाई यथावत् राख्न आग्रह गरिन् । राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाले पटक-पटक महिला मन्त्रालयमाथि टार्गेट गर्ने गरिएको बताइन् । संविधान बनेपछि राज्य पुनर्संरचना गर्ने बेलामा पनि यो मन्त्रालयलाई गाभ्न खोजेको उल्लेख गर्दै उनले महिलाअधिकार कर्मीहरुको विरोधका कारण कायम गरिएको बताइन् । तर जिल्लाका कार्यलयहरु भने खारेज भएको उनको भनाइ छ । उनले राज्यले महिला मन्त्रालयलाई कहिल्यै प्राथमिकतामा नराखेको बताइन् । उनले पहिला महिला मन्त्रालय खारेज गर्ने र त्यसपछि महिला आयोग पनि खारेज गर्ने तयारी गरेकोले चनाखो हुन आग्रह गरिन् । उनले महिलाहरुको आन्दोलनमा मानवअधिकार आयोगको सहयोग रहने बताइन् । महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जालकी अध्यक्ष श्यामकुमारी साहले महिला मन्त्रालय हटाउन लागिएको निर्णय लोकतन्त्रमाथिको प्रहार भएको बताइन् । लोकतन्त्र र महिलाअधिकार माथि हुने प्रहार स्वीकार्य नहुने उनको भनाइ छ । महिला मन्त्रालयलाई स्रोत र साधनले बलियो बनाउनुपर्नेमा हटाउन खोज्नु दुर्भाग्य भएको उनले बताइन् । उनले निर्णय फिर्ता भएको आधिकारिक जानकारी नदिएसम्म आन्दोलन जारी रहने बताइन् ।

प्रदर्शनकारीहरूले महिला मन्त्रालय खारेज गर्न पाइँदैन, ५१.५ प्रतिशत पहिचान, हाम्रो मन्त्रालय हाम्रो शान, महिला आन्दोलनको उपलब्धिलाई कुठाराघात गर्न पाइँदैन, सडकमा छौं अधिकारका लागि, चुप बस्दैनौं पहिचालनका लागि, ५१ प्रतिशत महिलाको अधिकारमा सम्झौता हुन सक्दैन लगायत नारा लेखिएको प्ले कार्ड बोकेका थिए ।

*(स्रोत: अनलाईनखबर)*

## बीमा लेख हराएको सूचना

एसियन लाइफ इन्स्योरेन्सको हेटौंडा शाखामा बीमा गरिएको अक्षता खनालको ७०१६०००२८२९ नम्बरको बीमा पोलिसी मिति २०८२ साल फागुन १७ गतेका दिन हेटौंडा-९ लामसुरेबाट हेटौंडा बजारतर्फ आउने क्रममा हराएको हुँदा कहीं कतै प्राप्त गर्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, एसियन लाइफ इन्स्योरेन्सका शाखा कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क : ९८२१२७९२४३**

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**


## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशुल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**



# प्रथम राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौंडाः दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२ अन्तर्गत प्रथम राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिता सुरु भएको छ। जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजना तथा मकवानपुर जिल्ला तेक्वान्दो संघको व्यवस्थापनमा प्रतियोगिता बिहीबार देखि सुरु भएको हो।

शुक्रबारसम्म हुने प्रतियोगितामा महिलातर्फ ४५ जना र पुरुषतर्फ ७८ जना गरी कुल १२३ जना खेलाडीको सहभागिता रहनेछ। प्रतियोगितामा महिलातर्फ ४२, ४६, ४९, ५३ र ५७ केजी तौल समूहको खेलाडीको सहभागिता रहनेछ। पुरुषतर्फ ४८, ५१, ५४, ५८, ६३ र ६८ केजी तौल समूहको खेलाडीहरुको सहभागिता रहनेछ। रुपन्देही, पर्सा, बारा, काभ्रे, काठमाडौं, भक्तपुर, नुवाकोट, चितवन, दाङ र रसुवा जिल्लाको १/१ वटा र मकवानपुरको दुई वटा टोली गरी १२ वटा टोलीले प्रतियोगितामा सहभागिता जनाएको आयोजकले जानकारी दिएको छ।

प्रतियोगिताको पहिलो दिन सम्पन्न प्रतिस्पर्धामा महिलातर्फ ४२ केजी तौल समूहमा काठमाडौंकी सुप्रिमा बोम्जन प्रथम, मकवानपुरकी सोनिया नेपाली द्वितीय र सृजना कुँवर तृतीय भएकी छिन्। ४६ केजी तौल समूहमा काभ्रेकी दीक्षा तामाङ प्रथम, काठमाडौंकी आकृति गुप्ता द्वितीय र मकवानपुरकी रश्मी मोक्तान तृतीय भएकी छिन्। यस्तै, ४९ केजी तौल समूहमा काभ्रेकी पासाङ लामा प्रथम, काठमाडौंकी दीक्षा राई द्वितीय र मकवानपुरकी सरिता बोम्जनले तृतीय स्थान हासिल गरेकी हुन्।

पुरुषतर्फ भएको प्रतियोगितामा ४८ केजी समूहमा काभ्रेका कैलाश थापा प्रथम, रसुवाका ललित राना मगर द्वितीय र नुवाकोटको सुदिप तामाङ तृतीय भएका छन्। ५१ केजी तौल समूहमा काभ्रेकै निरज ठकुरी प्रथम, नुवाकोटको सुमन गोले द्वितीय र चितवनको ओसिक अन्सारी तृतीय भएका छन्। यसैगरी, ५८ केजी तौल समूहमा पनि काभ्रेका करन धोली प्रथम, चितवनका सौगात सन्दास द्वितीय र इच्छिन तामाङ तृतीय भएका छन्।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने टोलीले क्रमशः ५० हजार, ३५ हजार र २५ हजार रुपैयाँ पुरस्कारसहित शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन्। यस्तै, प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीले क्रमशः ३ हजार, २ हजार र १ हजार ५ सय रुपैयाँ पुरस्कार पाउने छन्। प्रतियोगितामा व्यक्तिगत विधातर्फ पनि सर्वोत्कृष्ट खेलाडीहरुका लागि ३/३ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

उद्घाटन समारोहकी प्रमुख अतिथि बागमती प्रदेश सरकारको युवा तथा खेलकुद मन्त्री उर्मिला नेपालले कार्यक्रममा सम्बोधन गर्दै खेलाडीलाई सक्षम र सबल बनाउन प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो। प्रदेश सरकारले एक विद्यालय एक नर्स कार्यक्रम ल्याएजस्तै अब एक विद्यालय एक खेल प्रशिक्षक कार्यक्रम ल्याउनेसमेत बताउनुभयो। सरकारले नै खेलाडी व्यवस्थापन गर्नुपर्ने जोड दिनुभयो। खेलाडीलाई देशमै रोक्न सके खेलप्रति युवाहरुको आकर्षण बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

यसैगरी कार्यक्रममा बोल्दै जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष सानु लामाले खेलाडीलाई राष्ट्रले वास्ता नगरेको आरोप लगाउनुभयो। महोत्सवस्थल हेटौंडा-१०, टिसिएन चौरमा जिल्ला तेक्वान्दो संघ मकवानपुरका अध्यक्ष लालकाजीरत्न बज्राचार्यको सभाध्यक्षतामा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो। बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघका केन्द्रीय सदस्य भीमलाल विश्वकर्मालगायतको आतिथ्य थियो।

# नेकपाद्वारा वडागत चुनावी समीक्षा

समाज संवाददाता

हेटौंडाः फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मकवानपुरले वडागतरुपमा चुनावी समीक्षा कार्यक्रम गरेको छ। मकवानपुर क्षेत्र नं १ को बागमती र बकैया गाँउपालिका तथा हेटौंडा उपमहानगरपालिकाको वडा नं ९ र १२ मा कार्यक्रम भएको हो।

बाँकी वडाहरुमा पनि समीक्षा तथा मतदातालाई धन्यवाद ज्ञापन कार्यक्रम गरिने नेकपाबाट प्रतिनिधिसभा क्षेत्र नं १ का उम्मेदवार विजय गौतमले जानकारी दिनुभयो। निर्वाचनमा आएको नतिजाबारे वडास्तरबाटै छलफल गरी आएका सबै जानकारी तथा तथ्यहरु एकमुष्ट क्षेत्रीय स्तरमा समीक्षा प्रतिवेदन निर्माण गर्ने र पार्टीको केन्द्रीय समितिमा बुझाउने तयारी गरेको गौतमले बताउनुभयो।

मकवानपुरको क्षेत्र नं १ को चुनावी समीक्षाको प्रतिवेदन तयारीका लागि नेकपाका केन्द्रीय सदस्य सर्केश घलानको संयोजकत्वमा निर्वाचन समीक्षा प्रतिवेदन उपसमिति निर्माण गरिएको समेत उहाँले बताउनुभयो। नेकपाले हरेक निर्वाचन क्षेत्रहरुबाट समीक्षा प्रतिवेदन बुझाउने निर्णय अनुसार मकवानपुरका दुबै क्षेत्रहरुबाट समीक्षा प्रतिवेदन निर्माण गरी केन्द्रीय समितिमा पेश गरिनेछ।

## प्रधानमन्त्री कप क्रिकेट

# बागमती ७ विकेटले पराजित

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा बागमती प्रदेश ७ विकेटले पराजित भएको छ। बिहीबार भएको खेलमा बागमती प्रदेशको टोली नेपाल पुलिस क्लबसँग पराजित भएको हो।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा बागमतीले टस जितेर ब्याटिङ रोजेको थियो। बागमती प्रदेशले ४९ ओभर २ बल खेलेर २६५ रनमा अल आउट हुँदै विभागीय टोली नेपाल पुलिस क्लबलाई २६६ रनको लक्ष्य दिएको थियो। बागमतीका लागि पवनबहादुर थापाले ७९ रन र उपकप्तान ईशान पाण्डेले ७० बनाए। आशुतोष घिरैयाले २२ रन र उत्तम थापा मगरले टोलीका लागि २१ रनको योगदान गरे भने बागमतीका अन्य ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन्। पुलिस क्लबका राशिद खान र दिनेश खरेलले समान ३ विकेट र करण केसीले २ विकेट लिएका थिए।

जवाफी ब्याटिङ गरेको विभागीय टोली पुलिस क्लबले ४४ ओभरमा ३ विकेट गुमाएर लक्ष्य भेटायो। पुलिसका लागि ओपनर ब्याटर दिनेश खरेल र शंकर रानाले पहिलो विकेटका लागि १५९ रनको साझेदारी गरेका थिए। रानाले ११६ रन र खरेलले ७० रन बनाए। यस्तै, पुलिसका कप्तान आरिफ शेखले अविजीत ४३ रन जोडे। बागमतीका कप्तान सन्दिप लामिछाने, रिजन ढकाल र सुवास खत्रीले समान १/१ विकेट लिए।

बिहीबार नै तल्लो मूलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ। सुरुवाती ब्याटिङ गरेको गण्डकी प्रदेश ४९ ओभर ४ बलमा २०९ रनमा अल आउट भएको थियो। गण्डकीका ओपनर ब्याटर अर्जुन कुमालले सर्वाधिक ६७ रन र दीपकप्रसाद धुम्रेले ५१ रन बनाएका थिए। गण्डकीका अन्य ब्याटरहरुले भने राम्रो प्रदर्शन गर्न सकेनन्। आर्मी क्लबका आकाश चन्द र साहब आलमले समान ३ विकेट र कुशल मल्लले २ विकेट लिएका थिए।

जवाफी ब्याटिङ गरेको आर्मी क्लबले ३४ ओभरमा ३ विकेट गुमाएर लक्ष्य भेटाउन सफल भयो। आर्मीका दुबै ओपनर ब्याटर विनोद भण्डारी (कप्तान) ले ५८ रन र क्रिटराज दासले ५१ रन बनाए। यस्तै, भीम सार्की ५४ रनमा र कुशल मल्ल ४३ रनमा अविजीत रहे। गण्डकीका सुवास भण्डारीले २ विकेट र कप्तान विपिन खत्रीले १ विकेट लिए।

बिहीबारको खेल सकिएसँगै पुलिस क्लब अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। जारी प्रतियोगितामा अहिलेसम्म ३ खेल खेलेको पुलिस क्लब ४ अंकसहित तालिकाको पहिलो स्थानमा छ भने दुई खेल खेलेको आर्मी क्लब समान अंकसहित दोस्रो स्थानमा रहेको छ। ३ खेलमध्ये एक खेलमा मात्रै जित निकाल्न सकेको बागमती छैटौं स्थानमा र लगातार दुईवटै खेलमा पराजित भएको गण्डकी अंक तालिकाको अन्तिममा रहेको छ।

## हेटौंडा अस्पतालमा फागुन महिना

# २८ हजार बढीले लिए उपचार सेवा



समाज संवाददाता

हेटौंडा : हेटौंडा अस्पतालले फागुन महिनाको मासिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ। अस्पतालले बिहीबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार एक महिनाको अवधिमा बहिरङ्ग (ओपिडी) र आकस्मिक सेवा गरी २८ हजारभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिएका छन्।

अस्पतालको प्रतिवेदन अनुसार फागुन महिनामा २२ हजार ७०२ जनाले बहिरङ्ग (ओपिडी) सेवा र ५ हजार ४ सय ४४ जनाले आकस्मिक (इमर्जेन्सी) सेवा प्राप्त गरेका छन्। यसैगरी स्वास्थ्य परीक्षणतर्फ ७ हजार २०१ जनाले प्रयोगशाला सेवा, ५ हजार ४८९ जनाले एक्सरे, २ हजार २८५ जनाले भिडियो एक्सरे र १ हजार ७५५ जनाले ईसिजि सेवा लिएका छन्। ३ सय २३ जनाको सिटि स्क्यान, १६० जनाको ईको र ४६ जनाले इन्डोस्कोपी सेवा लिएको अस्पतालले जनाएको छ।

प्रसुती तथा अन्य विशिष्ट सेवातर्फ पनि अस्पतालमा चाप देखिएको छ। प्रतिवेदन अनुसार २३८ जनाले प्रसुती सेवा, १०८ जनाले आईसियुमा उपचार र २१ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। यस्तै, जेष्ठ नागरिक अन्तर्गत ८२ जना र मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम मार्फत ३ जनाले सेवा प्राप्त गरेका छन्। अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये ठूलो हिस्सा स्वास्थ्य बीमामा आबद्ध रहेका छन्। तथ्याङ्क अनुसार फागुन महिनामा मात्रै २२ हजार ९ जनाले स्वास्थ्य बीमा कार्यक्रम मार्फत उपचार सेवा लिएका छन्।

# म्यानेजमेन्ट र सेन्ट जेभियर्सबीच सम्झौता



*सहकार्यसम्बन्धी सम्झौतापछि म्यानेजमेन्ट र सेन्ट जेभियर्सका अधिकारीहरु।*

समाज संवाददाता

हेटौंडा : काठमाडौंको माइतिघर स्थित सेन्ट जेभियर्स कलेज र हेटौंडाको हेटौंडा स्कूल अफ म्यानेजमेन्टले शैक्षिक तथा अनुसन्धान सहकार्यका लागि सम्झौता गरेको छ। संस्थागत पहिचान तथा ब्रान्डिङ सुदृढ बनाउने उद्देश्यका साथ दुवै संस्थाका प्रतिनिधिहरुले बिहीबार ३ वर्षे सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सेन्ट जेभियर्स कलेजको तर्फबाट प्राचार्य प्रोफेसर डा. अगस्तिन थमस, एस जे र हेटौंडा स्कूल अफ म्यानेजमेन्टको तर्फबाट प्राचार्य पुरन बहादुर जोशीले सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको हो। सम्झौताअनुसार दुवै संस्थाले प्राध्यापक तथा मानवस्रोत आदान-प्रदान गर्नुका साथै संयुक्त अनुसन्धान परियोजना सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सेमिनार र कार्यशाला आयोजना गर्नेछ। यस्तै प्रमाणपत्र तहका कार्यक्रम विकास, शिक्षक तथा कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन तथा आधुनिक र नविन शिक्षण विधिमा पनि सहकार्य गर्ने सम्झौतापत्रमा उल्लेख छ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक सेवा, ग्रामीण क्षेत्रमा शैक्षिक पहुँच विस्तार तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरु पनि सञ्चालन गरिनेछ। आपसी सहमतिका आधारमा सम्झौता नवीकरण गर्न सकिने हेटौंडा स्कूल अफ म्यानेजमेन्टले जनाएको छ। यसले दुवै संस्थाबीच ज्ञान अदान-प्रदान, नवप्रवर्तन र शैक्षिक गेणस्तर अभिवृद्धिमा टेवा पुग्ने विश्वास लिइएको छ।


## रोजगारीको अवसर

**हेटौंडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।**

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना।
बेकरी हेल्पर : ३ जना।
क्लिनर : २ जना।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ।**

**सम्पर्क** : ९८२१-२५९३९३



## निशूल्क तालिम सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा १६० घण्टा अवधिको निशूल्क बारिष्टा तालिम संचालन हुन लागेको हुँदा इच्छुक नेपाली नागरिकहरुले तपसिलमा उल्लेख गरिएको कागजातसहित तालिम फारम भरी मौकाको फाइदा उठाउनुहुन जानकारी गराइन्छ।

**आवश्यक कागजातहरू :**
१. नेपाली नागरिकताको प्रतिलिपी।
२. पासपोर्ट साइजको फोटो २ प्रति।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

**नोट** : हेटौंडा उपमहानगरपालिकाभित्र स्थायी बसोबास भई बाहिरी स्थानको नागरिकता हुनेको हकमा स्थायी बसोबासको सिफारिस अनिवार्य। फारम भर्ने अन्तिम मिति : २०८२/१२/१९ गतेसम्म।

**फारम पाइने स्थान**
हेटौंडा उपमहानगरपालिकाको कार्यालय, उद्योग तथा वाणिज्य शाखा (चौथो तल्ला)

**बागमती एजुकेसन कन्सल्टेन्सी प्रालि**
**हेटौंडा-४, स्कुलरोड**
**सम्पर्क नं: ०५७-५९१२४३, ९८५५०६८२४३, ९८६६३९४९२५**



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ।

पद : प्रशिक्षार्थी पत्रकार।
संख्या : केही।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण। स्नातक तह अध्ययनरतलाई प्राथमिकता।
प्रशिक्षार्थी अवधि : ३ महिना। पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ। चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि।
- पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**


# दुर्घटनामा दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : रसुवा जिल्लाको कालिका गाउँपालिका-१, ग्राङजुङडाँडा भिरमा डिब्बा गाडी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। बुधबार बिहान ७ बजेर २० मिनेटको समयमा कालिकास्थानबाट धुन्चेतर्फ जाँदै गरेको ना ६ ख ५४९८ नम्बरको खाली डिब्बा गाडी सडकबाट करिब १५० मिटर तल खसेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

दुर्घटनामा गाडी चालक रसुवा जिल्लाको कालिका गाउँपालिका-१, राम्चेका ३९ वर्षीय पासाङ तामाङ र सोही गाडीमा सवार कालिका गाउँपालिका-२ का २६ वर्षीय पेम्बा छेवाङ थोक्रा गम्भीर घाइते भएका थिए। दुवै घाइतेलाई उपचारका लागि नुवाकोटस्थित त्रिशुली अस्पताल लगिएको थियो। उपचारका क्रममा चालक पासाङको राती ९ र पेम्बाको राती १० बजेर ५० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।







## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ